# बेलडाँडी गाउँपालिका
# स्थानीय राजपत्र

खण्डः ०७ संख्याः ०६ मितिः २०८०/०९/२९

**भाग- २**

स्वीकृत मितिः २०८०/०९/२९ प्रमाणीकरण मिति : २०८०/०९/२९

## बेलडाँडी गाउँपालिकाको वातावरण संरक्षण ऐन, २०८०

प्रस्तावना : आर्थिक विकास र वातावरण संरक्षण बीचको अन्योन्याश्रित सम्बन्ध बाट दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै बेलडाँडी गाउँपालिकाको क्षेत्रभित्र वातावरण मैत्री विकास अवलम्बन गर्दै नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्न, वातावरणीय जोखिम न्यूनीकरण गर्न तथा प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्नको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संबिधानकोअनुसूची- ८ को सूची नं. १० र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२)(ञ) ले दिएको अधिकारको कार्यान्वयन गर्न नेपालको संबिधानका धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ दफा १०२ को उपदफा (१) बमोजिम बेलडाँडी गाँउपालिकाको गाँउसभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ :

(क) यस ऐनको नाम "बेलडाँडी गाउँपालिकाको वातावरण संरक्षण ऐन, २०८०" रहेको छ ।

(ख) यो ऐन बेलडाँडी गाउँपालिकाकोस्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ ।

(ख) "प्रदूषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(ग) "संरक्षण" भन्नाले वातावरण तथा राष्ट्रिय सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बर्द्धन, व्यवस्थापन तथा सदुपयोग क्रियाकलाप सम्झनुपर्दछ ।

(घ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको भौतिक क्रियाकलाप, विकास कार्य वा भू–उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनुपर्दछ ।

(ङ) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनुपर्दछ ।

(च) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्ताव कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिनेसम्बन्धमा तयार पारिएकोप्रारम्भिक प्रतिवेदन सम्झनुपर्दछ ।

(छ) "वातावरणीय प्रभाव मूल्यांकन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिने विस्तृत अध्ययन तथा मूल्यांकन सम्बन्धी प्रतिवेदन सम्झनुपर्दछ ।

(ज) "फोहर मैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धूलो, विकिरणयुक्त तत्व वा पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु सम्झनुपर्दछ ।

(झ) "निष्काशन" भन्नाले ध्वनी, ताप वा फोहर मैला फाल्ने, थुपार्ने, वा निष्काशन गर्ने कार्य सम्झनुपर्दछ ।

(ञ) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइवरसिटी) तथा वंशाणु विविधता (जेनेटिक डाइवरसिटी) सम्झनुपर्दछ । (ट) "राष्ट्रिय सम्पदा" भन्नाले नेपालका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, स्थल, वनस्पति तथा जीव जन्तु सम्झनुपर्दछ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार अन्तर्गतका संघ तथा प्रदेश स्तरको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्दछ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(ढ) "गाउँपालिका " भन्नाले बेलडाँडी गाउँपालिकालाई सम्झनुपर्दछ ।

३. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने : प्रस्तावकले तोकिए बमोजिमका प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्नेछ ।

४. प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने : यो ऐन प्रारम्भ भएपछि कसैले पनि सम्बन्धित निकाय वा मन्त्रालय र यस बेलडाँडी गाउँपालिकाबाट तोकिए बमोजिमको प्रस्ताव स्वीकृत नगराई ठुला योजना वा परियोजनाको प्रस्तावको कार्यान्वयन गर्न गराउन वा वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने कुनै पनि किसिमको भौतिक क्रियाकलाप गर्न गराउन हुँदैन ।

५.प्रस्ताव स्वीकृतिको लागि पेश गर्नुपर्ने :

(१) कुनै प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले सो प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन संलग्न गरी त्यस्तो प्रस्ताव स्वीकृतिको लागि गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि सम्बन्धित निकाय वा मन्त्रालयबाट प्रस्ताव स्वीकृत गराई कार्यान्वयन गर्दै आएका प्रस्तावकहरुले यो ऐन प्रारम्भ भएको मितिले तीस दिनभित्र गाँउपालिका समक्ष उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्तावकहरुले प्रतिवेदन पेश नगरेमा गाँउपालिकाले त्यस्ता प्रस्तावकहरुको प्रस्ताव कार्यान्वयनमा तत्काल रोक लगाउन सक्नेछ ।

६. प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्ने :

(१) दफा ५ को उपदफा (१) वा (२) बमोजिम कुनै प्रस्ताव प्राप्त भएमा गाँउकार्यपालिकाले सो प्रस्ताव साथ संलग्न प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परीक्षण गरिएको प्रस्तावको हकमा आफैंले स्वीकृति दिनेछ र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवदेन सम्बन्धमा आफ्नो राय सहित सो प्रस्ताव मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण गरिएको प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन पनि गर्नु पर्ने देखिएमा गाँउ कार्यपालिकाले सो प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन गर्न आदेश दिन सक्नेछ । गाँउकार्यपालिकाले दिएको आदेश बमोजिम कुनै प्रस्तावकले वातावरणीय प्रभाव मूल्यांकन गरी प्रस्ताव स्वीकृतिको लागि पेश गरेमा आफैले स्वीकृति दिन सक्ने प्रस्तावको हकमा आफैले र आफैले स्वीकृति दिन नसक्ने हकमा सो प्रस्ताव उपर आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित सो प्रस्ताव सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्रस्ताव साथ प्राप्त वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदनमा राय सुझाव दिनको लागि गाँउपालिकाले सम्बन्धित विषयकोविशेषज्ञ समेत रहेको एक समिति गठन गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम प्राप्त वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदनमा सर्वसाधारणले कुनै राय सुझाव दिएको भए सो र उपदफा (३) बमोजिम कुनै समिति गठन गरिएकोमा सो समितिले दिएको राय सुझाव समेतको आधारमा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा गाउँपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न प्रस्तावकलाई स्वीकृति दिनेछ ।

(५) उपदफा (१) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदनबाट प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई कम वा नियन्त्रण गर्न सकिने देखिएमा गाउँपालिकाल प्रस्तावकलाई आवश्यक शर्तहरु तोकी प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पेश भएपछि बढिमा १ महिनाभित्र स्वीकृति दिनु पर्ने तथा वातावरणीय प्रभाव मूल्यांकन प्रस्ताव पेश भएको मितिले बढिमा २ महिनाभित्र स्वीकृति दिनुपर्नेछ वा आफ्नो राय सहित सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

७. रोक लगाउन सक्ने : (१) कसैले कुनै प्रस्ताव दफा ६ बमोजिम स्वीकृति नलिई कार्यान्वयन गरेमा वा स्वीकृत भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा गाँउ कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा तुरुन्त रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा प्रस्तावकले कुनै किसिमको क्षतिपूर्तिको लागि दाबी लिन पाउने छैन ।

(३) उपदफा (१) बमोजिम कार्यान्वयनमा रोक लगाइएको प्रस्ताव मध्ये स्वीकृति नलिएको प्रस्तावको हकमा दफा ६ बमोजिमको प्रक्रिया पुरा गरी स्वीकृति प्राप्त गरेमा र स्वीकृत भए भन्दा विपरीत कार्यान्वयन भएको प्रस्तावको हकमा प्रस्ताव बमोजिम हुने गरी सुधार गरेमा गाँउ कार्यपालिकाले त्यस्तो प्रस्तावको कार्यान्वयन फुकुवा गर्न सक्नेछ ।

८. प्रतिवेदन पालन गर्नुपर्ने : प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदनमा उल्लेख भए बमोजिमका कुराहरु तथा सम्बन्धित निकाय वा मन्त्रालय र गाउँपालिकाले तोकिदिएका शर्तहरु अनिवार्य रुपले पालन गर्नु पर्नेछ ।

९. अनुगमन तथा मूल्यांकन : (१) प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको अनुगमन तथा मूल्यांकन गाँउपालिका गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा मूल्यांकन गर्दा प्रस्ताव स्वीकृत हुँदा तोकिएको शर्तमा उल्लेख गरिएका प्रभाव भन्दा बढी प्रभाव परेको देखिएमा गाँउपालिलेत्यस्ता प्रभाव हटाउन वा हटाउने उपायहरु अवलम्बन गर्न प्रस्तावकलाई आवश्यक निर्देशन दिनेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रस्तावकको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्तावकलाई दिएको निर्देशनको जानकारी गाँउपालिकाले सम्बन्धित निकाय र मन्त्रालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम गाँउपालिकाले दिएको आवश्यक निर्देशन पालना नगर्ने प्रस्तावकलाई गाँउपालिकाले प्रस्तावको कार्यान्वयन गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

१०. वातावरणीय परीक्षण गरी अद्यावधिक राख्नु पर्ने : गाँउपालिकाले वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने प्रस्ताव कार्यान्वयन भई सेवा, वितरण वा उत्पादन शुरु भएको दुई वर्ष पछि त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न गएको प्रभाव, त्यस्तो प्रभावलाई कम गर्न अपनाइएका उपाय आदिको वातावरणीय परीक्षण गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

११. प्रदूषणको रोकथाम तथा नियन्त्रण : (१) कसैले पनि गाँउपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मापदण्ड विपरीत हुने गरी र वातावरणमा उल्लेखनीय

प्रतिकूल प्रभाव पार्ने गरी वा जन जीवन र जन स्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदूषण सृजना गर्न वा तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण तथा फोहर मैला निष्काशन गर्न गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा गाँउपालिकाले तत्सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(३) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा गाँउपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगमा बन्देज लगाउन सक्नेछ ।

(४) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. वातावरण निरीक्षक :

(१) प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन अनुसार गर्नु पर्ने कामहरु प्रभावकारी रुपले गर्न गराउन गाँउपालिकाले निर्धारित प्रकृया पूरा गरी वातावरण निरीक्षकहरु नियुक्त गर्न वा त्यस्तो निरीक्षकको काम गर्ने गरी कुनै कर्मचारीलाई तोक्न सक्नेछ । वातावरण निरीक्षकहरुको योग्यता तोकिए बमोजिम हुनेछ ।

(२) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यो ऐन वा यस अन्तर्गत बनेको नियम बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यो ऐनवा यस अन्तर्गत बनेको नियम विपरीत कुनै ठाउँबाट ध्वनी, ताप वा फोहर मैला निष्काशन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) प्रस्ताव कार्यान्वयन गर्ने स्वीकृति दिँदा तोकिएका शर्तहरु बमोजिम काम भए नभएको जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनको अध्ययन, मुल्यांकन र स्विकृत गर्ने कार्यमा गाँउकार्यपालिका र गाँउसभालाई विषय विज्ञकोरुपमा सहयोग गर्ने

(ङ) खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्दा देखिएका कुराहरुको प्रतिवेदन अध्यक्ष मार्फत गाउँ कार्यपालिका समक्ष पेश गर्ने ।

(३) उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ । (४) उपदफा (२) वा (३) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकलाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम निरीक्षण गर्न जाँदा सम्बन्धित व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा, निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तो व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले देहाय बमोजिम जरिवानाका लागि गाँउपालिका समक्ष उजुरी गर्न सक्नेछ :-

(क) निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा बीस हजार रुपैयाँसम्म, (ख) निरीक्षण गर्न सहयोग नगरेमा पन्ध्र हजार रुपैयाँसम्म ।

(६) उपदफा (५) बमोजिम वातावरण निरीक्षकले गरेको उजुरीका सम्बन्धमा गाँउ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ, त्यस्तो उजुरीमा गाँउ कार्यपालिकाले निर्णय गर्नेछ ।

(७) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।। खण्ड :
१३. राष्ट्रिय सम्पदाको संरक्षण :

(१) गाँउपालिका क्षेत्रभित्र रहेका राष्ट्रिय सम्पदाको संरक्षण गर्नु प्रत्येक नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) राष्ट्रिय सम्पदाको संरक्षण गर्ने प्रयोजनको लागि गाँउपालिकाले पञ्जिका तयार गरिराख्नु पर्नेछ र सो पञ्जिकामा गाँउपालिका भित्रका विश्व सम्पदा सूचीमा परेका वस्तु वा स्थलहरु समेत समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको पञ्जिकामा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको संरक्षण तोकिए बमोजिम गरिनेछ ।

१४. वातावरण संरक्षण क्षेत्र :

(१) वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक, दुर्लभ वन्यजन्तु, जैविक विविधता, वनस्पत्ति, ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरु भएको गाँउपालिका क्षेत्र भित्रको कुनै ठाउँलाई गाँउपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन, शहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा सम्बन्धित निकायसँगको समन्वयमा गाँउपालिकाले कुनै क्षेत्र वा क्षेत्रफल निर्धारण गरी कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुला वा हरियाली क्षेत्र तोक्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्र तथा खुला वा हरियाली क्षेत्र भित्र तोकिए बमोजिमको कुनै काम गर्न नपाउने गरी रोक लगाउन सकिनेछ

(४) गाँउपालिका भित्रको कुनै क्षेत्र वा स्थान विशेषमा अत्याधिक वातावरणीय प्रदुषण, भू-स्खलन, प्राकृतिक सम्पदाको अत्याधिक दोहन वा प्राकृतिक विपत्ती हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा गाँउपालिकाले त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय सन्तुलन, व्यवस्थापन वा वातावरणीय पुनर्स्थापनाको लागि कुनै उपयुक्त आदेश गर्न सक्नेछ ।

(५) गाँउपालिकाले कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहोरमैला भण्डारण वा बिसर्जन गरिएको स्थान वा अन्य कारणले अत्याधिक वातावरण प्रदुषण भएको स्थानलाई प्रदूषणजन्य क्षेत्र तोंकी सर्वसाधारणको आवतजावतमा रोक लगाउन सक्नेछ ।

(६) उपदफा (४) र (५) बमोजिमको स्थानमा वातावरणीय दृष्टिले सुधार भई त्यस्तो क्षेत्रलाई संवेदनशील क्षेत्र वा प्रदूषणजन्य क्षेत्रको रुपमा कायम राखी रहन आवश्यक नभएमा गाँउपालिकाले त्यस्तो स्थानलाई संवेदनशील क्षेत्र वा प्रदुषणजन्य क्षेत्रको रुपमा कायम नराख्न सक्नेछ ।

(७) वातावरण संरक्षणको लागि यस दफा बमोजिम कायम गरिएका वा तोकिएका क्षेत्रको व्यवस्थापनमा स्थानीय समुदायलाई सहभागी गराउन सकिनेछ । स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “स्थानीय समुदाय” भन्नाले त्यस्तो क्षेत्रभित्र वा सोको वरिपरि बसोबास गर्ने समुदाय सम्झनुपर्छ ।

(८) उपदफा (७) बमोजिम व्यवस्थापन गरिएको क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभमा स्थानीय समुदायलाई तोकिए बमोजिम सहभागी गराउनु पर्नेछ ।

१५. प्रयोगशालाको स्थापना :

(१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन गाँउपालिकाले आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न वा भैरहेका कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. नमूना संकलन गर्न दिनुपर्ने : कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनी, ताप तथा फोहर मैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नको लागि सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले गाँउपालिकाबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

१७. वातावरण संरक्षण कोषको स्थापना र सञ्चालन :

(१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षणको लागि वातावरण संरक्षण कोष नामको एउटा कोषको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन्

(क) संघ, प्रदेश सरकार र गाँउपालिकाबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) वातावरण संरक्षण कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(४) कोषको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

१८. वातावरण संरक्षण समिति गठन गर्न सक्ने : वातावरण संरक्षण सम्बन्धी विषयमा गाँउपालिकालाई नीतिगत मार्ग दर्शन र राय सल्लाह दिन तथा विभिन्न निकायहरु बीच समन्वय गर्नको लागि गाउँकार्यपालिकाले वातावरण सम्बन्धी विशेषज्ञ तथा निर्वाचित जनप्रतिनिधि समेतको प्रतिनिधित्व रहने गरी वातावरण संरक्षण समिति गठन गर्न सक्नेछ । १९. सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने : वातावरण संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रकृयालाई प्रोत्साहित गर्न कानून बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त गाँउपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिमका थप सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

२०. वातावरण तथा प्राकृतिक स्रोत संरक्षणपरिषदगठन गर्न सक्ने:

(१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षणसम्बन्धिका कार्य लाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीतियोजना निमानण गर्न, विभिन्न निकायहरु

विच समन्वय गर्न तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरिक्षण गर्नगाउँपालिकामा वातावरण सम्बन्धी विशेषज्ञसम्मिलितवातावरणतथा प्राकृतिक स्रोतसंरक्षणपरिषदरहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन;

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाउपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) स्वास्थ्य समिति संयोजक- सदस्य

(ङ) वन, वातावरण समिति संयोजक-सदस्य

(च) वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञ १ महिला सहित २ जना- सदस्य

(छ) स्थानीय वासिन्दाहरूमध्ये वन उपभोक्ता समितिहरूवाट १जना सहित कार्यपालिकाले तोकेका १ महिला समेत ३ जना-सदस्य

(ज) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य- सदस्य

(झ) खानेपानी सरसफाई तथा विपद व्यवस्थापन शाखा हेर्ने व्यक्ती - सदस्य

(ञ) वातावरण शाखा संयोजक- सदस्य सचिव

(४)समितिहरु गठन गर्न सक्ने :

(क) गाँउकार्यपालिकाले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेको विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ ।

(ख) उपदफा (४) को (क) बमोजिम गठित उपसमितिहरुको काम, कर्तव्य र अधिकार गाउँ कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

२१. क्षतिपूर्ति दिन सक्ने : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत प्रदूषण, ध्वनी, ताप वा फोहोर मैलाको सृजना वा निष्काशन गरेको

कारणबाट् कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी हुन गएमा त्यस्तो कामबाट प्रभावित व्यक्ति वा संस्थाले सो काम गर्ने व्यक्ति, संस्था वा प्रस्तावकसँग कुनै क्षतिपूर्ति भराउन चाहेमा सोही व्यहोरा खुलाई गाँउपालिकाको न्यायिक समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा न्यायिक समितिले सो निवेदन र सो ठाउँको वस्तुस्थिति समेतलाई जाँचबुझ गर्दा कुनै व्यक्ति, संस्था वा प्रस्तावकले सृजना वा निष्काशन गरेको प्रदूषण, ध्वनी, ताप वा फोहोर मैलाबाट कुनै व्यक्ति वा संस्थालाई प्रतिकुल प्रभाव परी कुनै हानी नोक्सानी पर्न गएको प्रमाणित भएमा न्यायिक समितिले मेलमिलापको माध्यमबाट त्यस्तो काम गर्नेबाट सम्बन्धित व्यक्ति वा संस्थालाई मनासिव माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि क्षतिपूर्ति दिलाउने सम्बन्धमा प्रभावित व्यक्ति वा संस्थाले चाहेमा सिधै अन्य निकायमा निवेदन दिन बाधा परेको मानिनै छैन ।

२२. दण्ड सजाय :

(१) कसैले दफा ६ बमोजिम प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रस्ताव विपरीत कुनै कार्य गरेमा गाँउपालिकाले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत अन्य कुनै कार्य गरेमा गाँउकार्यपालिकाले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२३. पुनरावेदन : गाँउपालिकाले गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्नेले सो निर्णय वा आदेश भएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ । २४. कार्यविधि अपनाउनु पर्ने : गाँउकार्यपालिकाले यस ऐन बमोजिमको कुनै काम कारवाही गर्दा तोकिए बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

२५. अधिकार प्रत्यायोजन : गाँउकार्यपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै निकाय, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२६. यस ऐन बमोजिम हुने : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

२७. निर्देशिका बनाउने सक्ने : गाँउकार्यपालिकाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ र त्यस्तो निर्देशिका तथा मापदण्डको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२८. नियम तथा कार्यविधि बनाउने अधिकार :

(१) बेलडाँडी गाउँपालिकाले यस ऐनको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरु तथा कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी खास गरी देहायका विषयमा नियमहरु बनाउन सक्नेछ :

(क) प्रस्ताव सम्बन्धमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गर्ने सम्बन्धमा, खण्ड

(ग) प्रदूषणको स्रोत, मापदण्ड, रोकथाम र नियन्त्रण सम्बन्धमा,

(घ) जैविक विविधता तथा राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धमा,

(ङ) जल, वायु, ध्वनी, माटो प्रदूषण नियन्त्रण सम्बन्धमा,

(च) फोहर मैलाको व्यवस्थापन तथा ओसार पसारआदि सम्बन्धमा,

(छ) वातावरण संरक्षण कोषको सञ्चालन सम्बन्धमा,

(ज) अन्य आवश्यक कुराहरुका सम्बन्धमा ।

आज्ञाले
हरिश्चन्द्र राना
गा.पा. अध्यक्ष